३. कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सरसफाईमा संलग्न हुने, श्रमिक एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न हुने सुरक्षाकर्मीलाई मिति २०७७ असार मसान्त सम्म रु २५ लाख सम्मको निशुल्क विमा क्षतिपूर्ति दिने व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने

३.१ प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने सबै चिकित्सक,स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरुलाई शुरु तलबमानको शतप्रतिशतले हुने रकम ।

३.२ प्रकरण ३.१ मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने सबै प्राविधिक जनशक्तिलाई शुरु तलबमानको पचहत्तर प्रतिशतले हुने रकम ।

३.३ प्रकरण ३.१ र ३.२ को कार्यमा सहयोग गर्न अन्य सबै जनशक्तिलाई शुरु तलबमानको पचास प्रतिशतले हुने रकम ।

३.४ *प्रकरण ३.१ ३.२ र ३.३ बमोजिमका सुविधा करारमा कार्यरत जनशक्तिसमेतलाई* उपलब्ध गराउन व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयले व्यवस्था मिलाउने ।

४. कोभिड- १९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार मन्त्रिपरिषदको निर्णय कार्यान्वयन कार्ययोजना २०७६ मा उल्लेखित आआफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरु सबै मन्त्रालयहरुले एकत्रित गरी सोको कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

२०७६।१२।११